# कचनकवल गाउँपालिका
## बनियानी, झापा

१ नं. प्रदेश, नेपाल

**प्रेस विज्ञप्ति**

कचनकवलको विकास र स्तम्भ मर्मत सम्भार लगायतका विषयमा सार्वजनिक सञ्चार माध्यममा आएका समाचार र टिकाटिप्पणीप्रति कचनकवल गाउँपालिकाको गम्भीर ध्यानाकर्षण भएको छ । केचनाको दिगो, वैज्ञानिक र भरपर्दो विकासका लागि गाउँपालिका दृढ र प्रतिबद्ध रहेको सबै सरोकारवालालाई अवगत भएकै कुरा हो ।

केचनाको विकासका लागि ५ वर्षे गुरुयोजना बनाएर गाउँपालिकाले काम अघि बढाउने तयारी गरिरहेका बेला सार्वजनिक भएका कतिपय सूचनाले भ्रम सिर्जना गरेको गाउँपालिकाले महसुस गरेको छ । कचनकवलको पृष्ठभूमि, ऐतिहासिक महत्व र नेपालकै होचो भूभाग हुनुका नाताले यसको संरक्षण, विकास र प्रबर्द्धन गाउँपालिकाको दायित्व हो भन्नेमा कुनै विवाद छैन ।

होचो भूभाग चिनाउने गरी राजा वीरेन्द्रका पालामा निर्माण गरिएको स्तम्भको ऐतिहासिक महत्व छ । यो पृष्ठभूमिमा गाउँपालिकाले उक्त स्तम्भ भत्काएर नयाँ स्तम्भ खडा गर्न नखोजेको स्पष्ट पार्न चाहन्छौं । गुरुयोजनाअनुसार अहिले भएकै स्तम्भको जीर्णोद्धार गरिने हो । स्तम्भ मुनि भएको कछुवाको आकृति परिवर्तन वा फेरबदल गर्ने गाउँपालिकाको कुनै कार्यक्रम तथा आयोजना छैन । यसर्थ सार्वजनिक भएका कतिपय सूचनाको भ्रममा नपर्नुहुन सरोकारवाला सबैलाई अनुरोध गर्दछौं ।

कचनकवलको ऐतिहासिकता, विशिष्ट पहिचान र यसको स्वरुपलाई लिएर सरोकारवालाका तर्फबाट सार्वजनिक रुपमा भएको चिन्ताप्रति हामी संवेदनशील र गम्भीर छौं । गुरुयोजनाअनुसार स्तम्भको वरिपरि माछा आकारको रेलिङ निर्माण गर्न लागिएको सम्बन्धित सबैमा जानकारी गराउँदछौं ।

कचनकवलको विकासका लागि तयार भएको गुरुयोजनाअनुसार शिलान्यास भएको अवगत गराउँदै त्यसलाई ऐतिहासिक स्तम्भ भत्काएर अर्को स्तम्भ बनाउने गरी शिलान्यास गरिएको रुपमा नबुझ्न सम्बन्धित सबैलाई आग्रह पनि गर्दछौं । स्तम्भ नजिकै एउटा भ्यू पोइन्टसमेत बनाउने गाउँपालिकाको तयारी छ । आगामी वर्षको बजेटबाट पार्किङ, फुड स्टल, टिकट काउण्टर, बगैंचा, पार्क, सेल्फी स्पट बनाउने गरी गुरुयोजना तयार गरी सोही अनुसार कार्यान्वनय कार्य अगाडि बढाउने कार्यक्रम रहेको व्यहोरासमेत सम्वन्धित सबैमा अपिल गर्दछु ।

लक्ष्मी नारायण यादव

(प्रवक्ता)

कचनकवल गाउँपालिका बनियानी, झापा

मिति :- २०७६।०२।२०